# बुद्धभूमी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हनुमानचोक बुड्ढी कपिलवस्तु

५ नं. प्रदेश, कपिलवस्तु

२०७३

## कृषि साप्ताहिक हाटबजार, कवाडी संकलन/निकासी, विज्ञापन कर, क्रेशर तथा प्रशोधन उद्योग करको

## खुल्ला डाँक बढाबढ सम्बन्धि सूचना

**प्रथमपटक प्रकाशित मिति :- २०७६/३/४ गते**

यस बुद्धभूमी नगर कार्यपालिकाको मिति २०७६/३/०१ गतेको निर्णय अनुसार यस नगरपालिका क्षेत्रभित्रको कवाडी संकलन निकासी कर र नगरपालिका अन्तरगत संचालित साप्ताहिक कृषि हाटवजारको बजार व्यावसायी कर, विज्ञापन कर, क्रेशर तथा प्रशोधन उद्योग कर २०७६ श्रावण १ गतेदेखि देखि २०७७ आषाढ मसान्त सम्म एक बर्षको लागी निम्न सर्तहरुको अधिनमा रही खुल्ला डाँकवढावढ बाट ठेक्का दिईने भएकोले ईच्छुक नेपाली नागरिकहरुलाई सूचना प्रकासित भएको मितिले १५ दिन भित्र अर्थात २०७६।०३।१८ गते सम्म कार्यालय समय भित्र यस कार्यालयको एन.एम.वि.बैंक शाखा कार्यालय गोरुसिंगेमा रहेको संचितकोष खाता नं. 04006005599760000001 मा रू. १०००।- जम्मा गरेको सक्कल बैंक भौचर र नागरिकताको फोटोकपी संलग्न गरी दरखास्त दिइ तोकिएको स्थानमा स्वयं उपस्थित भै डाँक वढावढमा भाग लिन सम्वन्धित सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरू:-**

१. डाँक बोल्दा बोली पिच्छे डाँक अंकको १० प्रतिशत धरौटी राख्दै जानु पर्ने छ। डाँक वोल्दा रु. ५०००/– भन्दा कम बोल्न पाईने छैन।

२. सदर ठेक्का रकम वार्षिक तिन किस्तामा भुक्तानी गर्नु पर्ने छ। सदर ठेक्काको सम्पुर्ण रकम अग्रिम एकमुष्ठ रुपमा बुझाएमा सदर ठेक्का रकमको १० प्रतिशत रकम छुट दिईने छ।

३. ठेक्का बापतको रकम एकमुष्ट नियमानुसारको भ्याट कर सहित भुक्तानी भएमा मात्र कर उठाउन पट्टा दिइनेछ।

३. कथम कदाचित पुरा रकम भुक्तानी गर्न नसकेमा पहिलो किस्ताको ५०% र कुल ठेक्का अंकको नियामानुसार लाग्ने भ्याट सहित कर र बाँकी रकमको क बर्गको बैंकको बैंक ग्यारेण्टी बुझाएपछि मात्रै कर उठाउन पट्टा दिईने छ। बाकी अन्तिम किस्ताको रकम २०७६ फागुन मसान्त भित्र भुक्तानी गरि सक्नुपर्नेछ अन्यथा सम्बन्धित बैंकलाई पत्राचार गरी असुल उपर गरिनेछ।

४. बजार कर नगरपालिकाले निर्धारण गरेको दर रेट वमोजिम असुल गर्नु पर्ने छ।

५. ठेकेदारले तोकेको समय भित्र किस्ता नबुझाएमा वा शर्त विपरित कुनै कार्य गरेमा ठेक्का रद्ध गरी धरौटी रकम समेत जफत गरिने छ। धरौटिवाट असुल हुन वाँकी रहेमा बैक ग्यारेन्टी पत्रवाट नेपाल सरकारको नियम अनुसार असुल उपर गरिने छ।

६. ठेकेदारले ठेक्का लिए वापत अन्य कुनै सरकारी कर दस्तुर लागेमा छुट्टै बुझाउनु पर्ने छ।

७. ठेक्का डाँक वढावढ वाट कबुल गरेको अंक रकम बन्द हड्तालको कारण देखाई मिनाहा गर्ने गराईने छैन।

८. डाँक बढावढमा भाग लिने व्यक्तिको नाममा यस कार्यालयमा कुनै वाँकी वक्यौता भएमा डाँक वढावढमा भाग लिनु अगावै चुक्ता गरिसक्नु पर्ने छ।

९. डाँक सदर गर्ने व्यक्तीले डाक बढाबढ मितिले ७ दिन भित्र बुदां नं. ३ बमोजिम पट्टा नलिएमा पहिलो डाँक अंक सदर हुने व्यक्तीको धरौटी रकम जफत गरी दोस्रो ठुलो डाँक अंक वोल्ने व्यक्तीलाई कर असुल गर्न पट्टा दिईने छ।

१०. डाँक वढावढमा भागलिदा नागरिकता अनिवार्य साथमा लिई आउनु पर्ने छ।

११. उल्लेखित सर्तको अतिरिक्त कुनै निर्णय गर्नु परेमा न.पा.को निर्णय नै अन्तिम निर्णय हुने छ।

१२. अन्य जानकारिको लागी कार्यालय समय भित्र नगरपालिकाको कार्यालयमा संपर्क गर्नुहुन अनुरोध छ।

**तपसिल**

| क्र. स. | ठेक्का विवरण | डाँक बढाबड मिति | सुरु डाँक अंक | डाँक बढाबढ हुने स्थान | डाँक बढाबढ हुने समय |
|---|---|---|---|---|---|
| १ | कृषि साप्ताहिक हाटबजार गोरुसिङ्गे, क.व | २०७६/०३/१९ | रू. ४९९,४००।– | बुद्धभूमी नगर कार्यपालिकाको कार्यालय | दिउसो १२:०० बजे देखि सुरु |
| २ | कृषि साप्ताहिक हाटबजार बुड्ढी, क.व. | | रू.१,६९,४००।– | | |
| ३ | कृषि साप्ताहिक हाटबजार इमिलिया, क.व. | | रू. ९३९४००।– | | |
| ४ | कबाडीजन्य संकलन/निकासी | २०७६/०३/२० | रू.२,५४,०००।- | बुद्धभूमी नगर कार्यपालिकाको कार्यालय | दिउसो २:०० बजे देखि सुरु |
| ५ | विज्ञापन कर | २०७६/०३/२२ | रू.१,५०,०००।- | बुद्धभूमी नगर कार्यपालिकाको कार्यालय | दिउसो २:०० बजे देखि सुरु |
| ६ | सत्यदेवा क्रेशर उद्योग र प्रशोधन केन्द्र | २०७६/०३/२३ | रू. १३,२५,५००।- | बुद्धभूमी नगर कार्यपालिकाको कार्यालय | दिउसो १२:०० बजे देखि सुरु |
| ७ | लुम्बिनी प्रशोधन केन्द्र | २०७६/०३/२३ | रू. २,२५,८३०।- | बुद्धभूमी नगर कार्यपालिकाको कार्यालय | दिउसो १:०० बजे देखि सुरु |
| ८ | चेत्रादेही बालुवा वार्सिंग प्रशोधन केन्द्र | २०७६/०३/२३ | रू. १,१३,६००।- | बुद्धभूमी नगर कार्यपालिकाको कार्यालय | दिउसो २:०० बजे देखि सुरु |

२०७६।३।४

मेघनाथ पाध्या

प्रमुख प्रशासकिय अधिकृत

मेघनाथ पाध्या

प्रमुख प्रशासकिय अधिकृत

(उपसचिव)

Scanned by CamScanner